# रुरुक्षेत्र गाउँपालिका
## Ruruksheta Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive
घिउबेसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल
Ghiubensi, Gulmi, Lumbini Province, Nepal

प.सं./Letter No.: च.नं./Ref. No.:


सूचना नं. १०४

## आ.व. २०८२/०८३ का लागि रोजगार कार्यक्रममा निवेदन दिने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२।०३।०६ गते)

रुरुक्षेत्र गाउँपालिकाको मिति २०८२।०३।०५ गतेको कार्यपालिकाको निर्णयानुसार बाँदर लगायतका वन्यजन्तुबाट किसानको बालि संरक्षण लगायत वडा कार्यालयले दिएको विभिन्न कार्यहरु गर्ने गरी ५३ जना नागरिकहरुलाई २ महिनाको लागि रोजगारी दिने कार्यक्रम रहेको हुँदा रोजगारीमा आवद्ध हुन चाहने इच्छुक बेरोजगार व्यक्तिले आफ्नो वडा कार्यालयमा मिति २०८२ असार २० गते सम्म तोकिएको ढांचामा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सकिने छ।

क) उम्मेदवारको उमेरको हद : दरखास्त बुझाउने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको

ख) उम्मेदवारको छनौट : अन्तर्वार्ता

ग) दरखास्त फाराम पाइने स्थान: गाउँपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ ।

घ) दरखास्त दिने अन्तिम मिति: २०८२।०३।२० गते कार्यालय समय भित्र

ङ) अन्तर्वार्ता तथा नतिजा प्रकाशन : सम्बन्धित वडा कार्यालयबाट २०८२ असार २१ र २२ गते

च) सेवा सुविधा : गाउँपालिकाको नियमानुसार

छ) रोजगारी संख्या : वडा नं. १ मा ७ जना, वडा नं. २ मा १० जना, वडा नं. ३ मा ७ जना, वडा नं. ४ मा ९ जना, वडा नं. ५ मा १२ जना र वडा नं. ६ मा ९ जना गरी जम्मा ५३ जना।

ज) काम गर्ने समय अवधी : २०८२ श्रावण र भाद्र महिना

झ) दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१) निवेदकको १ प्रति नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२) निवेदकको १ प्रति पासपोर्ट साईजको फोटो।

३) निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिता नं., जारी मिति तथा जिल्ला।

४) निवेदक सहित परिवारका सम्पूर्ण सदस्यको शैक्षिक योग्यता ,सिप, दक्षता तथा रोजगारीको अवस्था।

५) स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि । नागरिकता प्रमाणपत्र नं.अन्यत्रबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र ना.प्र.नं पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेखित भएको विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

६) कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यहरुले सामाजिक सुरक्षा कोष,अन्य सरकारी कोष वा रोजगारदाता बाट कुनै सहायता या आम्दानी लिए नलिएको विवरण ।

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा रुरुक्षेत्र गाँउपालिकाको प्रशासन शाखा ९८५७०१८५१४ मा सम्पर्क गर्न सकिनेछ ।

२०८२।०३।०६

(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत



CamScanner